पारदर्शी
चितवन पोष्ट
कार्यक्षेत्र
२०६६।७।१७

नेपाल सरकार

भौतिक योजना तथा निर्माण मन्त्रालय

सडक विभाग

# डिभिजन सडक कार्यालय, भरतपुर

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सुचना नं. २/०६६/६७

प्रकाशित मिति (२०६६।०७/१३)

तपसिल बमोजिमको कार्य शिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउन पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त निर्माण व्यबसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. दरभाउपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म रु ३००।०० दस्तुर (पछि फिर्ता नहुने) तिरी चालु आ.ब.को लागि नविकरण भएको व्यवसाय दर्ताको ईजाजत पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, स्थायि लेखा नं (प्यान नं) प्रमाणपत्र र आ.व. ०६५/६६ को कर चुक्ता गरेको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि संलग्न राखी सम्वन्धित निर्माण व्यवसायी वा निजको अधिकार प्राप्त प्रतिनिधिले लिखित निवेदन दिई यस डिभिजन सडक कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. खरिद गरेको दरभाउपत्र सम्बन्धी कागजातहरु रीत पूर्वक र स्पष्टसंग भरी सिलबन्दी गरी खामको बाहिर ठेक्का नम्बर, दरभाउपत्रदाता फर्मको नाम, पुरा ठेगाना उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ। दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट ४५ दिन हुनेछ। दरभाउपत्रदाताले दरभाउपत्र साथ आफूले कवोल गरेको रकम (भ्याट सहित) को कम्तिमा दुई दशमलव पांच प्रतिशतले (२.५ ) हुन आउने रकममा नघटाई राष्ट्रिय बाणिज्य बैंक, भरतपुर स्थित यस कार्यालयको धरौटी खाता नं. ख ३/३४ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन सम्म मान्य अवधि भएको नेपाल सरकारवाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बिडबण्ड पेश गर्नु पर्नेछ।

४. यस सम्बन्धी विस्तृत सुचना यस कार्यालयको सुचना पाटी वा सडक विभागको http://www.dor.gov.npमा हेर्न सकिने छ।

| सि.नं | ठेक्का नं | कार्यको विवरण | लागत अनुमान रकम रु (मूल्य अभिबृद्धि कर र कन्टेन्जेन्सी बाहेक) |
|---|---|---|---|
| १ | DROBHT/066/67/555-09 | विदुमिन सम्बन्धी कार्यकोलागी अन्य सामग्रीहरू सप्लाइ गर्ने कार्य | ८,४१,२३७.०५ |

डिभिजन प्रमुख